नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौं

पत्र संख्याः ०८२/०८३ मिति: २०८२/१२/२६

चलानी नं. २२४० नेपाल संवत ११४६

**सम्बन्धित स्थानीय तहबाट सनाखत गर्ने व्यवस्था मिलाइएको सम्बन्धी सूचना ।**

यस कार्यालयबाट सम्पादन गरिने कम्पनी स्थापना, प्रशासन तथा खारेजी सम्बन्धी कार्यलाई अझ सुगम, सरल र पारदर्शी बनाउन अनलाइनमा आधारित Company Administration and Management Information System (CAMIS) प्रणाली विकास गरिएको छ। यो प्रणालीबाट हाल कम्पनी दर्तादेखि खारेजीसम्मका सम्पूर्ण सेवा अनलाइनमार्फत् सम्पन्न गरी सो सम्बन्धी पत्र, विवरण तथा अन्य कागजातहरू डिजिटल हस्ताक्षर सहित सम्बन्धित कम्पनीको अनलाइन खातामा स्वचालित रूपमा उपलब्ध गराइने व्यवस्था गरिएको छ।

यद्यपी CAMIS प्रणाली प्रयोगका लागि पहिलोपल्ट युजरनेम र पासवर्ड लिन तथा दर्ता खारेजीको निर्णयमा सम्वन्धित संचालक वा शेयरधनीले सनाखतका लागि कार्यलयमा भौतिक रुपमा उपस्थित हुनुपर्ने वाध्यता रहेकोमा कम्पनी खारेजीको सनाखत सम्वन्धि कार्यका लागि स्थानीय तहको प्रमुख वा उपप्रमुख समक्ष सनाखत गर्नसकिने व्यवस्था यस अघिनै कार्यान्वयन आइसकेको परिप्रेक्षमा यस कार्यालयको मिति २०८२/१२/२० को सहजिकरण सम्बन्धी पत्रका आधारमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट मिति २०८२/१२/२२ मा संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयलाई अनुरोध भएवमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०८२/१२/२३ गते सबै स्थानीय तहमा CAMIS प्रणाली प्रयोगका लागि युजरनेम र पासवर्ड लिनका लागि सहजिकरण गरिदिने सम्बन्धमा पत्राचार भइसकेको छ ।

अतः यसउप्रान्त कार्यालयबाट प्रदान गरिने सेवालाई सरलीकृत गरी सेवाग्राहीलाई कार्यालयमा नै आउनुपर्ने अवस्थालाई हटाई थप सहज बनाउन सनाखत सम्वन्धी व्यवस्थालाई पुनरावलोकन गरी कम्पनी खारेजी तथा युजरनेम, पासवर्ड उपलव्ध गर्ने सम्वन्धी कार्यमा "आवेदक वा निर्णय गर्ने व्यक्ति निज नै हो" भन्ने व्यहोराको सनाखत सम्वन्धित स्थानीय तहको प्रमख वा उपप्रमुख वा सम्वन्धित वडाको वडाध्यक्ष समक्ष गरी सोको कागजात प्रणालीमा अपलोड गर्ने व्यवस्था मिलाइएको हुँदा सम्वन्धित स्थानीय तहबाटै उक्त सेवा प्राप्त गरी लाभान्वित हुन सबै सेवाग्राहीमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

बलराम निरौला

रजिष्ट्रार

द्रष्टव्य:

- खारेजी सनाखत फारम ocr.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।
- युजरनेम पासवर्डका लागि अनुसूची-१ फाराम अनलाइन निवेदन पेशगर्दा वेवसाइटबाटै डाउनलोड गर्न सकिनेछ ।
- सनाखत फारामहरुको नमूना तथा सम्वन्धित परिपत्रहरु यसैसाथ संलग्न छन ।

फोनः ०१-५३१५०७७ (रजिष्ट्रार), ५३५९९६१, ५३६१८२१, Ext. १०/१२ (CAMIS Support)
E-mail: info@ocr.gov.np, URL/Website: www.ocr.gov.np

## निवेदक संस्थापकले कार्यालयको रोहवरमा गर्नुपर्ने
## कबुलियतनामा

मिति ................ मा कम्पनी रष्ट्रिार कार्यालयबाट मेरो नाममा दर्ता भएको ............................. प्रा.लि..कम्पनीको ................खारेजी को लागि मिति ......................मा निवेदन पेश गरेको व्यहोरा ठीक साँचो हो भनी सनाखत गरिदिए । यस कम्पनीको नामबाट कोहि कसैलाई कुनै किसिमको तिर्नु बुझाउनु पर्ने दायित्व बाँकी छैन । कथंकदाचित तिर्न बुझाउन बाँकी देखिएमा मेरो हकको दायित्व जतिमा प्रचलित कानून वमोजिम बहन गरी तिर्ने बुझाउने छुं भनी मेरो राजीखुशीले यो कबुलियतनामा कागजमा .............................. कार्यालयमा उपस्थित भै सहिछाप गरिदिएको छु ।

**कबुलियतनामा गर्ने निवेदक**

| क्र.सं. | नाम, थर र ठेगाना | हस्ताक्षर | |
|---|---|---|---|
| | | लेखात्मक | रेखात्मक |
| १ | | | |

**रोहवरः**

१. जनप्रतिनिधि/ कर्मचारीको नामः

२. दस्तखतः

३. मितिः

Scanned with CamScanner

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२।०८३

चलानी नं. ३४६

मितिः २०८२।१२।२३

ने.सं. ११४६

विषयः आवश्यक सहजीकरण गरिदिने सम्बन्धमा।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प. सं. प्रशासन/२०८२/०८३, च.नं. २५२८, मिति २०८२/१२/२२ को आवश्यक सहजीकरण गरिदिने सम्बन्धी पत्र (संलग्न कम्पनी रजिष्ट्रारको कार्यालयको प. सं. २०८२/०८३, च.नं. २१५३, मिति २०८२/१२/२० को सनाखत गर्ने व्यवस्थामा सहजिकरण सम्बन्धी पत्र समेत) आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

१२/२३

(दीपेश कट्टेल)

शाखा अधिकृत

**बोधार्थः**

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।

श्री सूचना प्रविधि शाखाः सबै गाउँपालिका तथा नगरपालिकामा ईमेलमार्फत पत्र प्रेषित गरी वेवसाइटमा समेत अपलोड गरिदिनुहुन।



Scanned with CamScanner

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(प्रशासन तथा संस्थान महाशाखा)

E-mail: info@moics.gov.np
फोन नं:- ४२११६७५
सिंहदरबार, काठमाडौं
नेपाल

प.सं.: प्रशासन/२०८२/८३
च.नं.: २५२८

मितिः २०८२/१२/२२
नेपाल सम्वत् ११४६

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषय :- आवश्यक सहजीकरण सम्बन्धमा।

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको चलानी नं. २१५३, मिति २०८२।१२।२० को पत्र यसैसाथ संलग्न छ। पत्रमा उल्लेख भए बमोजिमको विषयमा आवश्यक सहजीकरण गरिदिनुहुन आदेशानुसार अनुरोध छ।

(निशा लौडारी)
शाखा अधिकृत

**बोधार्थ:**
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं।



Scanned with CamScanner

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौं

पत्र संख्याः ०८२/०८३ मितिः २०८२/१२/२०

चलानी नं. २१४२ नेपाल संवत ११४६

**विषय – सनाखत गर्ने व्यवस्थामा सहजीकरण सम्वन्धमा ।**

श्रीमान् सचिवज्यू,

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,

सिंहदरवार, काठमाण्डौ ।

यस कार्यालयबाट सम्पादन गरिने कम्पनी स्थापना, प्रशासन तथा खारेजी सम्बन्धी कार्यलाई अझ सुगम, सरल र पारदर्शी बनाउन अनलाइनमा आधारित Company Administration and Management Information System (CAMIS) प्रणाली विकास गरिएको छ। यो प्रणाली २०८१ असारदेखि परीक्षणका रूपमा र २०८१ फागुन १९ गतेदेखि पूर्ण रूपमा कार्यान्वयनमा ल्याई कम्पनीहरूलाई प्रणालीमा पहुँच उपलब्ध गराउन प्रत्येक कम्पनीका लागि छुट्टै डिजिटल खाता (Account) को व्यवस्था गरिएको र यस खातामार्फत सेवाग्राहीहरूले कार्यालयमा भौतिक रूपमा उपस्थित नभई कम्पनी दर्तादेखि खारेजीसम्मका सम्पूर्ण सेवा अनलाइनमार्फत् सम्पन्न गरी सो सम्बन्धी पत्र, विवरण तथा अन्य कागजातहरू डिजिटल हस्ताक्षर सहित सम्बन्धित कम्पनीको अनलाइन खातामा स्वचालित रूपमा उपलब्ध गराइने व्यवस्था गरिएको छ। यति हुँदाहुँदै पनि सनाखत लगायत भौतिक उपस्थितिबाट जाँचबुझ गर्न आवश्यक पर्ने अवस्था तथा मुद्दासँग सम्बन्धित पक्षहरूको हकमा भने कार्यालयमा भौतिक रूपमा उपस्थित हुनुपर्ने अवस्था छ । CAMIS प्रणाली प्रयोगका लागि

फोनः ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२५९९६१
E-mail: info@ocr.gov.np, URL/Website: www.ocr.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौं

पहिलोपल्ट युजरनेम र पासवर्ड लिन तथा दर्ता खारेजीको निर्णयमा सम्वन्धित संचालक वा शेयरधनीले सनाखत गर्नुपर्ने व्यवस्था रहेको छ। हाल कम्पनी खारेजी सम्वन्धी निर्णयको सनाखत सम्वन्धित स्थानीय तहको प्रमुख वा उपप्रमुख समक्ष समेत गर्न सकिने व्यवस्था गरिएको र केही हदसम्म कार्यान्वयनमा समेत आएकोमा धेरैजसो सनाखत कार्यालयमा नै आएर गर्ने गरिएको छ ।

कार्यालयबाट प्रदान गरिने सेवालाई सरलीकृत गरी सेवाग्राहीलाई कार्यालयमा नै आउनुपर्ने अवस्थालाई हटाई थप सहज बनाउन सनाखत सम्वन्धी व्यवस्थालाई पुरावलोकन गरी कम्पनी खारेजी तथा युजरनेम, पासवर्ड उपलव्ध गर्ने सम्वन्धी कार्यमा **"आवेदक वा निर्णय गर्ने व्यक्ति निज नै हो"** भन्ने व्यहोराको सनाखत सम्वन्धित स्थानीय तहको प्रमख वा उपप्रमुख वा सम्वन्धित वडाको वडाध्यक्ष समक्ष गरी सो को कागजात प्रणालीमा अपलोड गर्ने व्यवस्था गर्न उपयुक्त हुने भएकोले सो बमोजिम सबै स्थानीय तहहरुमा परिपत्र गरिदिने व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गरिदिने व्यवस्थाका लागि अनुरोध छ ।

बलराम निरौला
रजिष्ट्रार

रजिष्ट्रार

फोनः ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२५९९६१
E-mail: info@ocr.gov.np, URL/Website: www.ocr.gov.np

Scanned with CamScanner

## प्रणाली पहुँचको विद्युतिय सेवा (Eservice) लिन पेश गर्ने निवेदन

श्रीमान रजिष्ट्रारज्यू
कम्पनी रजिष्ट्रारको कार्यालय ।

म / हामी त्यस कार्यालयको Company Administration Management Information System (CAMIS) प्रणालीको पहुँच प्राप्त गर्ने सम्बन्धमा देहायका शर्तहरू पूर्ण रुपमा पालन गर्न सहमत भई सेवा प्राप्त गर्न यो निवेदन पेश गरेको छु / छौं ।

**<u>प्रयोगकर्ताले पालना गर्नु पर्ने शर्तहरु</u>**

१. यस निवेदनमा कम्पनीबाट तोकिएको अख्तियार प्राप्त सञ्चालकको हस्ताक्षर र कम्पनी छाप लगाई, कम्पनीको संचालक समितिले प्रणाली पहुँच (Eservice Access) लिने सम्बन्धमा गरेको निर्णय संलग्न गरी अख्तियार प्राप्त व्यक्तिले परिचय-पत्र सहित स्वंम कार्यालय/स्थानीय तहमा उपस्थित भै सनाखत गराई ३५ दिन भित्र बुझाउनु पर्नेछ ।

२. कार्यालयबाट उपलब्ध हुने विद्युतीय सेवाको प्रयोग कम्पनीको अध्यक्ष, प्रवन्ध संचालक, कार्यकारी निर्देशक, कम्पनी सचिव वा कम्पनीले तोकेको आधिकारिक व्यक्तिले मात्र गर्नुपर्नेछ ।

३. यो सेवा प्राप्त गर्ने कम्पनीले आफ्नो User name र Password अन्य व्यक्ति वा कम्पनीलाई दिन हुँदैन ।

४. प्रयोगकर्ताले प्रयोग गर्न नजानेको वा यसको दुरुपयोग भएको कारण कुनै क्षति भएमा वा गोपनियता भंग भएमा वा अन्य कुनै दायित्व सिर्जना भएमा प्रयोगकर्ता नै व्यक्तिगत रूपमा जिम्मेवार हुनेछ।

५. कार्यालयले यस सेवा उपलब्ध गराउने सम्बन्धी शर्त प्रक्रियामा समय समयमा संशोधन वा परिवर्तन गर्न सक्नेछ।

६. कुनै प्राविधिक कारण वा इन्टरनेटको पहुँच नभएको कारण यो सेवा उपलब्ध हुन नसकेमा कार्यालय जिम्मेवार हुनेछैन।

७. विशेष परिस्थिति उत्पन्न भएमा कार्यालयले बिना सूचना सबै वा केही विद्युतीय सेवा बन्द गर्न सक्नेछ।

८. यस सेवा प्राप्त गरे पश्चात लगातार एक वर्षसम्म प्रयोग नगरेमा त्यस्तो कम्पनीको हकमा सो सेवा बन्द हुने सक्नेछ।

९. कम्पनी खारेज भएमा वा अर्को कम्पनीसंग गाभिएमा त्यसरी खारेज वा गाभिएको कम्पनीको यो सेवा वन्द हुनेछ।

१०. माथि उल्लेखित कागजात तथा शर्तहरु बमोजिम पेश गरिएका विवरण सबै ठिक साँचो हो। कुनै व्यहोराले फरक परे पूर्ण रुपले स्वंयम निवेदक नै जिम्मेवार हुनेछु।

**Application No :82/83-130-101618338** **निवेदन मिति : २०८२-१२-३०**
**कम्पनीको नाम :YENYA SOFT** **कम्पनीको दर्ता नम्बर : 339416**
**निवेदकको नाम : Suraj Maharjan**
**निवेदकको पद :संचालक/शेयरधनी/कम्पनी सचिव/आधिकारीक प्रतिनिधि**
**फोन नम्बर : 9843686051** **इमेल : sachib@yenyasoft.com**
**हस्ताक्षर :**

माथि उल्लेखित शर्तहरूको पालना गर्ने गरी यस फारम तथा आवश्यक कागजातहरु कम्पनीको छाप लगाई पेश गरिएको छ। प्रणाली खाता पहुँच (Eservice Access) सेवा लिने सम्बन्धमा उल्लिखित विवरण भएका कम्पनीको आधिकारिक व्यक्ति आफ्नो परिचयपत्र सहित स्वयं उपस्थित भई सहिछाप गरेको हुँदा यो सनाखत गराइएको छ।

<table>
<tr><td colspan="2">आधिकारीक व्यक्ति</td><td>सनाखत गर्ने जनप्रतिनिधि/कर्मचारी</td></tr>
<tr><td colspan="2">हस्ताक्षर:<br>निवेदकको नाम :</td><td rowspan="3">हस्ताक्षर:<br>नाम:<br>पद:<br>कार्यालय:<br>कार्यालयको छाप</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td></tr>
<tr><td></td><td></td></tr>
</table>